## सिन्धुपाल्चोक जिल्ला भोटेकोशी गाँउपालिका - ५ चाकुमा अविरल वर्षाको कारण हाईड्रोपावरको पाईप फुट्न गई धनमाल तथा चौपायाको क्षति

मिति २०७४।०३।३१ गते जि.सि.पा भोटेकोसी गाँउपालिका – ५ चाकु भन्ने स्थानमा राती परेको अविरल बर्षाको कारण ऐ.ऐ श्री लापिङ बुद्ध हाईड्रोपावरको हिम पाईप फुट्न गई निम्न स्थान बस्ने निम्न मानिसहरुको घर लगायत अन्य धनमाल क्षति भएको जानकारी प्राप्त हुनसाथ प्रहरि चौकी फुलपिङकट्टिबाट प्रहरी हवल्दार कमाण्डमा स्थलगत अनुगमनको निमित्त टोली खटिई गएको उक्त स्थान यस चौकी बाट सत्र किलोमिटर उत्तर पर्ने व्यहोरा अवगत गराईन्छ।

**निम्न मानिसहरुको धनमाल, चौपाया क्षति भएको र मानवीय क्षति नभएको**

१. जि.सि.पा भोटेकोसी गाँउपालिका – ५ चाकु बस्ने बर्ष ३८ को चीनी तामाङको जस्ताले बारेको जस्ताको छानो भएको एक तल्ले कच्ची घर, बाख्रा २५, कुखुरा १००, किराणा पसलको सामान लगायत अन्य घरायसी सामानहरुको क्षति भएको।
२. जि.सि.पा भोटेकोसी गाँउपालिका – ५ चाकु बस्ने बर्ष ३३ को पासाङ नोर्बू शेर्पाको ढुङ्गा र सिमेन्टले बनेको एक तल्ले घर, घरायसी सामान र कुखुरा ५ वटा समेत क्षति भएको।
३. जि.सि.पा भोटेकोसी गाँउपालिका – ५ चाकु बस्ने बर्ष ३५ को नोर्बु तामाङको ईट्टा र सिमेन्टले बनेको एक तल्ले पक्की घर, घरायसी सामान र खानेपानिको पाएप क्षति भएको
४. जि.सि.पा भोटेकोसी गाँउपालिका – ५ चाकु २१ की मनिसा तामाङ को गोठमा रहेको बाख्रा ४, कुखुरा २५ ओटा क्षति भएको जानकारी जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रलाई प्राप्त भएको छ।

स्रोत : जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र, चौतारा साँगाचोकगढी सिन्धुपाल्चोक